"प्राकृतिक स्रोत र सम्पदाको खानी, सुखी र समृद्ध हाम्रो तातोपानी"

# तातोपानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## लिताकोट, जुम्ला

**कर्णाली प्रदेश**

प. सः २०८०।०८१
मितिः २०८०।०४।०३

च. नं.: ९

## सम्पत्ती विवरण भर्ने सम्वन्धी अत्यन्त जरुरी सूचना ।

प्रस्तुत विषयमा भष्ट्राचार निवारण ऐन, २०५९ को दफा ५० बमोजिम सार्वजनिक पद धारणा गरेको व्यक्तिले त्यस्तो पद धारण गरेको मितिले साठी दिन भित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको साठी दिन भित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको श्रोत वा निस्सा सहितको अद्यावधिक सम्पत्ति विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारी समक्ष पेश गर्नु पर्ने भए अनुसार समायोजन ऐन २०७५ बमोजिम समायोजन भएका निजामति सेवा र स्वास्थ्य सेवाका कर्मचारीहरुको हकमा राष्ट्रिय निजामति कितावखाना हरिहर भवन पुल्चोक ललितपूरमा २०८० साल भाद्र २८ गते कार्यालय समय भित्र पेश गर्नु पर्ने भएकाले सोही अनुसार गर्नु हुन सम्वन्धित कर्मचारीहरुलाई जानकारी गराईन्छ । साथै सार्वजनिक पद धारण गरेका जनप्रतिनिधि, तथा स्थानिय तहको लागि लोक सेवा आयोगले लिएको परिक्षा प्रणालीवाट नियूक्ति भएका स्थायी कर्मचारी, प्रदेश लोक सेवा आयोगवाट स्थायी नियूक्ति भएका कर्मचारी, अन्य कानुनी प्रक्रिया बमोजिम स्थायी भएका कर्मचारी, अस्थायी, करार सेवामा नियुक्ति भएका कर्मचारीहरुले यस तातोपानी गाउँपालिकामा २०८० साल भाद्र २८ गते भित्र सम्पत्ती विवरण पेश गरी अनलाईन मार्फत आफ्नो नाम इन्ट्री गराई सक्नु पर्ने व्यहोरा समेत सम्वन्धी सवैको जानकारीका लागि अनुरोध गरिन्छ ।

**पुनश्चः** तोकिएको समय र निकायमा सम्पत्ति विवरण पेश नगर्ने सार्वजनिक पद धारण गरेको व्यक्तिलाई पाँच हजार रुपैया जरिवाना गरि निज र निजको परिवारको नाममा गैर कानुनी सम्पत्ति रहेको अनुमान गरी सम्वन्धित निकाय र अधिकारीले अनुसन्धान गर्न सक्ने कानुनी व्यवस्था भएको व्यहोरा पनि अवगत गराइन्छ ।

2080/4/3

..........................

तिर्थ बहादुर कठायत

तीर्थ बहादुर कठायत

प्रमुख प्रशासकीय अधिकृत